# नेपाल-भारत उद्योग बाणिज्य संघ
## NEPAL-INDIA CHAMBER OF COMMERCE & NDUSTRY

द.नं.: ९०/०५१/५२
जि.प्र.का. काठमाडौं
स.क.प.द.नं.: १९७५८
पान नं: ३०२३१२११९
नक्साल, काठमाडौं ।


**नयाँदिल्ली-जनकपुरधाम जोड्ने "भारत गौरव पर्यटक रेल सेवा"को सुरुवात भएको सम्बन्धमा नेपाल-भारत उद्योग वाणिज्य संघको**

**प्रेस बिज्ञप्ति**

नयाँदिल्ली-जनकपुरधाम जोड्ने "भारत गौरव पर्यटक रेल सेवा"को सुरुवात भएको अवसरमा यस नेपाल-भारत उद्योग वाणिज्य संघ उक्त शुरुवातको स्वागत गर्दछ। रामायणसंग सम्बन्धित भारतीय क्षेत्रमा रहेका बिभिन्न क्षेत्रहरु भएर नयाँदिल्लीको सफदरजंगबाट सीतामाताको जन्मस्थल नेपालको जनकपुरधाम सम्म जोडेर शुरु गरिएको उक्त धार्मिक पर्यटकीय रेलसेवाको शुरुवातले नेपाल-भारत धार्मिक सांस्कृतिक सम्बन्धलाई मजबूत बनाउन अझ थप टेवा पुग्नेछ भन्ने यस संघको बिश्वास रहेको छ।

दुई देशवीच धार्मिक पर्यटन प्रबर्द्धन जुन यस नेपाल-भारत उद्योग वाणिज्य संघले सन् २०१८ को जुलाई ८ मा काठमाडौंमा सम्पन्न नेपाल-भारत पर्यटन प्रबर्द्धन संयुक्त कार्यदलको बैठकमा पनि सो बिषयको उठान गरी दुबै पक्षवीच सहमति भए बमोजिम हाल नेपाल-भारत धार्मिक-अध्यात्मिक सर्कितको बिकास गर्दै सो बिषयमा कफीटेबल पुस्तक तथा वेवसाईट निर्माणको अन्तिम चरणको काम भईरहेको सन्दर्भ पनि यस अवसरमा हामी यहाँ उल्लेख गर्न चाहन्छौं।

भारतीय रेल मन्त्रालयको अगुवाई तथा ईण्डियन रेलवे कैटरिङ्ग एण्ड टुरिजम कर्पोरेशनको प्रयास स्वरुप ६०० धार्मिक पर्यटक बोक्न सक्ने क्षमता सहित मंगलबार २१ जून २०२२ बाट शुरु भएको उक्त "भारत गौरव पर्यटक रेल सेवा"को सुरुवातले नेपाल र भारतका नागरिकहरुका वीच रहेको प्रगाढ धार्मिक आस्थाको जगेर्ना गर्दै दुई देश वीचको धार्मिक पर्यटनको प्रबर्द्धनले दुई देशका जनताहरुको भावनात्मक सम्बन्ध अझ मजबुत बन्नुका साथै यसले दुबै देशका पर्यटन क्षेत्रको प्रबर्द्धन तथा बिकासमा ठूलो मद्दत पुग्ने यस संघ बिश्वास ब्यक्त गर्दै उक्त "भारत गौरव पर्यटक रेल सेवा"को सफलताको पनि यस संघ हार्दिक शुभकामना ब्यक्त गर्दछ र यस उल्लेखनीय शुरुवातको लागी भारत सरकार प्रति पनि यस संघ धन्यवाद ब्यक्त गर्दछ।

मार्शल राठौर
उप-निर्देशक
नेपाल-भारत उद्योग वाणिज्य संघ
एस अपार्टमेण्टस्, नारायणचौर, नक्साल, काठमाडौं।
मितिः २०७९ असार ८ गते बुधवार।